| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २१ गते (3rd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**

श्रम ईजाजत नं. १४०४/०७४/०७५

Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net

## अधिकृत वारेसनामा वदर गरिएको सूचना

म श्रीकण्ठ शर्मा पोखरेल अ.वा.दिने र मेरो छोरा सुमन पोखरेल अ.वा.लिने भई श्री ललितपुर जिल्ला अदालतबाट मिति २०५८।१२।०८ मा ललितपुर जिल्ला नगर–५(क) कि.नं. ४१९, ऐ.लामाटार–७(ग) कि.नं. १४२, ऐ.वडा नं. ८(क) कि.नं. १७३ का तीन कित्ता जग्गा साविक मुलुकी ऐन अ.बं. ७१(क) र रजिष्ट्रेशनको महलको ११(क) वमोजिम विक्री वितरणको लागि अ.वा.दिएकोमा उक्त अ.वा.को लिखत मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(ग) वमोजिम वदरका लागि प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित मिति देखि उक्त वारेसनामा वदर भएको जानकारी सम्बन्धित सबैलाई गराउँछु ।

## अधिकृत वारेसनामा वदर गरिएको सूचना

म सुभद्रादेवी पोखरेल अ.वा.दिने र मेरो छोरा सुमन पोखरेल अ.वा.लिने भई श्री ललितपुर जिल्ला अदालतबाट मिति २०५८।१२।०८ मा ललितपुर जिल्ला नगर–५(क) कि.नं. ६२, ऐ.कि.नं.१४४, १६६ र ५१४ का चार कित्ता जग्गा साविक मुलुकी ऐन अ.बं. ७१(क) र रजिष्ट्रेशनको महलको ११(क) वमोजिम विक्री वितरणको लागि अ.वा.दिएकोमा उक्त अ.वा.को लिखत मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(ग) वमोजिम वदरका लागि प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित मिति देखि उक्त वारेसनामा वदर भएको जानकारी सम्बन्धित सबैलाई गराउँछु ।

## श्री नेपाली सेना ई.एम.ई.पोलिटेक्निक महाविद्यालय
## खरिपाटी ब्यारेक

### दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/१२/१२/१४ गते ।**

१. आ.व.८०/८१ को कार्यक्रम अनुसार श्री नेपाली सेना ई.एम.ई. पोलिटेक्निक महाविद्यालय, खरिपाटीस्थित कार्यालयको स्तरोन्नति कार्य गर्न सूचना नं.NA/EME/080/81/01 अनुसार e–GP System को माध्यमबाट दरभाउपत्र आव्हान गरिएको हुँदा नेपाल सरकारबाट सम्बन्धित कामको ईजाजत प्राप्त ईच्छुक फर्म/कम्पनीहरूले विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट http://www.bolpatra.gov.np.egp हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२. विद्युतीय माध्यमबाट शिलबन्दी दरभाउपत्रको अपलोड गर्नुपर्ने अन्तिम मिति २०८०/१२/२९ गतेको १२:०० बजेभित्र र खोलुवा मिति सोही दिनको १३:०० बजे उक्त पोलिटेक्निक महाविद्यालय, खरिपाटी भक्तपुरमा खोलुवा गरिनेछ साथै दरभाउपत्र सम्बन्धी कुनै थप जानकारी आवश्यक भएमा यस महाविद्यालयको मो.नं.९८५१३३६५९४ मा सम्पर्क गर्न सकिनेछ ।

## Kawasoti Municipality
## Office Of The Municipal Executive

**Nawalparasi,east Of Bardaghat Susta**

**Gandaki Province, Nepal**

### Invitation for Bids

**Date of Re-Tander publication; 27th March, 2024 (2080/12/14 BS)**

1. Kawasoti Municipality invites Elotronic Bids from eligible bidders for the following works,

| Identification N0. | Description of work, Location of work | Cost of Bidding Document Nrs. (aantarik rajsawa khata) | Bid Bond Amount Nrs. (cason Dharauti Khata) or 20 days bank BID BOND | Last Date and Time of Bid Purches | Last Date and Time of Bid Submission | Bid opening Date and Time | Estimate Amount (With VAT) |
|---|---|---|---|---|---|---|---|
| 04/KM/EB/ 2080-081 goods | Supply, Delivery Sanitary Pad, Kawasoti Municipality Office, Nawalparasi (East) | 1000 | 59997.11 | 10th April, 2024 (2080/12/28 BS) 5:00 PM | 11th April.,2024 (2080/12/29 BS) 12:00 Noon | 11th April,2024 (2080/12/29BS) 2:00 PM | 19,99,903.8 |

2. Eligible Bidders may obtain further information from office of Kawasoti Municipality (Kharid ekai phone no 9847428193 at office time) or may visit PPMO website www.bolpatra.gov.np/egp.

3. Kawasoti municipality, Dharauti Account no. 3200100303000003 Ra.ba bank, branch kawasoti and Aantarik Rajsawa Account no. 3200100301010003 Ra.ba Bank, branch kawasoti.

*Chief Administrative Officer*

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## प्रदेश सरकारको खेलोफड्को

देश संघीयतामा गएपछि प्रदेश सरकार संघीयताविरोधीको तारो बनेको छ । कारण संघीय सरकारमा भूकम्प चल्नेबित्तिकै प्रदेश सरकारमा परकम्प जानु । संघीय कानुनअनुसार स्थानीय सरकार स्थायी छ । निर्वाचनपछि पाँच वर्ष ढुक्कले चल्छ । संघमा सरकार परिवर्तन होस् या प्रदेशमा स्थानीय सरकारमा यसको असर पर्दैन ।

तर प्रदेश सरकारलाई संघीय सरकारमा सत्ता समीकरण फेरबदलको असर परिहाल्छ । त्यसै त प्रदेश नेता व्यवस्थापन गर्ने थलो बनिरहेको छ, त्यसपछि वर्षमै तीन–तीन पटक सरकार फेरिँदा यसबाट आमजनमनासमा के छाप पर्ला ? कोशी प्रदेशमा वर्ष दिन नबित्दै तीन मुख्यमन्त्री पाइसकेको छ । अहिले यही प्रदेशबाट कलहको बीउ रोप्ने देखिएको छ । संविधानतः अब त्यहाँका मुख्यमन्त्री केदार कार्कीलाई हटाउन पाइँदैन । तर सत्तारुढ दल नेकपा एमाले र माओवादी केन्द्र जसरी पनि आफ्नो नेतृत्वमा सरकार बनाउन चाहन्छ ।

यहीअनुसार एमाले र माओवादीले भागबण्डा पनि करिब–करिब टुंग्याएका छन् । तर मुख्यमन्त्री कसलाई बनाउने, मन्त्री कसलाई बनाउने भन्ने विषयमा खेलोफड्को सुरु भएको छ । गण्डकी र सुदूरपश्चिममा पनि कांग्रेस नेतृत्वको सरकार ढाल्न प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई मुस्किल पर्ने देखिन्छ । यसले गर्दा जुनसुकै हत्कण्ड अपनाएर भए पनि सत्ता ढाल्ने नीतिमा सत्तारुढ दल लागेको छ ।

निर्वाचन सकिएको १६ महिनामै यति धेरै सरकार परिवर्तन हुनु एक त स्थायित्व देखिएन । अर्को एक सरकारले ल्याएको कार्यक्रम अर्को सरकारले निरन्तरता नदिने नीतिका कारण सरकारको निर्णयहरू बेकामे हुने देखियो । एक सरकारबाट आशा गरेका विकासका परियोजनाहरू अर्को सरकार आउँदा अवरोध हुने देखियो । यसले एक त बजेट फ्रिज हुने समस्या सिर्जना हुन्छ भने अर्को पुँजीगत खर्च पनि घट्दै जान्छ । पुँजीगत खर्च नहुनु भनेको विकास नहुनु हो, रोजगारी गुम्नु हो ।

छोटो समय मन्त्रालयमा नेतृत्वमा पुगेकाहरूले बहुवर्षीय परियोजनाहरूमा निर्णय गर्न सक्दैनन् । उनीहरूको सरकारको तौरतरिका र प्रशासनको काम गराई बुझ्दै पदावधि सकिसकेको हुन्छ । कतिबेला केन्द्रीय सत्ता परिवर्तन हुने हो, पत्तै हुन्छ । जसका कारण प्रदेशमात्र हैन संघीय सरकारको काम अहिले नयाँ मन्त्रीलाई शपथ खुवाउने, शपथपछि कार्यक्रम उद्घाटन गर्नेमात्रै भएको छ । नयाँ आशा राखिएका दलहरूसमेत सत्ताको खेलोफड्कोमा लाग्दा जनतामा थप निराशा छाएको छ । यसले संघीयताविरोधी पक्ष बलियो हुने सम्भावना बढ्ने निश्चित छ । यसैले आफूलाई लोकतन्त्रको हिमायती दाबी गर्ने दलहरूले बेलैमा यसबारे सोचून् ।

कर्णाली: धरोहर-मनोहर-३

# ‘समृद्ध कर्णाली’ साकार बनाउने आधार



▶▶ प्रा.डा.राजाराम सुवेदी

> साँच्चै नै कर्णालीको विकास चाहने हो भने एउटै स्वार्थमा आधारित एकाकार वित्तीय योजना बनाएर लैजानुपर्ने हुन्छ । त्यसको प्रयोग प्रत्येक १०-१० वर्षको केन्द्रीकृत योजना नै निर्माण गरी कर्णालीका बासिन्दाहरूले श्रमदानबाट विकास गरेमा मात्र समृद्ध कर्णाली साकार बन्न सम्भव हुने देखिन्छ । कर्णालीमा विकासका पूर्वाधारहरु तयार नभएसम्मका निम्ति यहाँका मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरूको पूर्णतः संरक्षण, करमुक्त कर्णाली, पर्यटकीय गन्तव्य कर्णाली, स्थानीय स्रोतहरूको प्रचुर प्रयोग कर्णालीजस्ता दूरदर्शी तथा बृहत् योजनाहरूको निर्माण गर्न दृढ हुनुपर्ने देखिन्छ ।

(सम्पादकीय नोटः इतिहासकार तथा प्राध्यापक डा. सुवेदीले गत फागुनमा आयोजित ‘कर्णाली उत्सव : कुडा कर्णालीका’ मा व्यक्त विद्वत प्रवचनलाई तीन भागमा प्रकाशन गरेका छौं । जसमध्ये चैत १ गतेको अंकमा ‘कर्णालीः धरोहर-मनोहर’ र चैत ७ गतेको अंकमा ‘कर्णालीमा प्रचलित लोक संस्कृति’ प्रकाशित भएका छन् । डा. सुवेदीको प्रवचनमा समेटिएका सुझावहरूलाई यो अंकमा प्रस्तुत गरेका छौं । प्रवचनको यो अन्तिम भाग हो ।)

१) वर्तमान नेपालमा प्रत्येक दशकमा गरिने जनगणनाको ढाँचा गलत सिद्ध भएको देखिन्छ । किनभने त्यसमा ब्राह्मण, क्षत्री, ठकुरी, दशनामी छुटयाउने खस आर्य भन्ने मापदण्ड वैज्ञानिकरूपमा तयार गरिएको पाइन्न । त्यसले कर्णाली प्रदेशका अधिकांश जनता सरकारी आरक्षणजस्ता सहुलियतबाट वञ्चित रहने स्थिति आएको छ । कर्णाली प्रदेशका मूर्त र अमूर्त सम्पदाको यथाशीघ्र संरक्षणको बन्दोबस्त सरकारी तहबाटै गरेमा त्यहाँको नमूना नेपालभर लागू गराउन मद्दत मिल्ने देखिन्छ र लोपोन्मुख संस्कृतिको जगेर्ना गर्न सकिन्छ ।

२) वर्तमान नेपालमा जातीय र क्षेत्रीय आयोगहरूले कट्टर जातीय आधारलाई प्रोत्साहन दिएको छ, त्यसको सट्टा सबै नेपालीलाई राष्ट्र निर्माणका निम्ति जोसँग बुद्धि, विद्या, क्षमता र बल, बाहुबलले राष्ट्र निर्माण र राष्ट्रिय अस्मिता बचाउन समर्पण हुने क्षमता राख्छन्, जसले जनजीविकालाई यथार्थरूपमा उत्पादन र वितरणमुखी कार्य गर्न सक्छन् र जसले शारीरिक श्रम, सीपद्वारा समाजको सेवामा लागेर जीविका गरी आएका छन् ती सबैलाई सामाजिक आदर्श परिभाषाभित्र पारेर नागरिकहरूबीच मानवीय र सामाजिक समानताको आधारमा आरक्षणजस्तो महत्त्वपूर्ण र संवेदनशील कुरालाई गम्भीरताकासाथ विचार गरेर विवेकशीलताका आधारमा प्रयोग गरेर आरक्षणको अवसर प्रदान गरिनुपर्दछ ।

३) नेपाली नागरिकका प्रत्येक जातिको जातीयतालाई छुटयाउने एउटा आधार भाषिक आधार पनि हो । तसर्थ नेपालमा बसोबास गर्ने नागरिकको मातृभाषाबारे गहन अध्ययन, अनुसन्धान गर्नुपर्ने र एक भाषाभाषीलाई एउटै वर्गमा हेरेर उनीहरूको आर्थिक, शैक्षिक र सामाजिक उत्थानका निम्ति सुधार गर्नुपर्ने देखिन्छ । त्यस प्रकारको आन्तरिक वास्तविकतालाई प्रकाश पार्ने प्रतिवेदन तयार पार्न हाल गठन भएका विभिन्न प्रतिष्ठानहरूले पूर्वाग्रहविना, उपयोगी मूल्यांकन गरेर व्यवहारमा लागू गराउनुपर्ने देखिन्छ ।

४) वर्तमान नेपालको संविधानमा नेपालका सबै जनजातिलाई स्वतः आदिवासीमा सूचीकृत गरेको दुषित परम्परा लागू गरिएको देखिन्छ, जो आधार भूतरूपमा गलत छ । उदाहरणका लागि पूर्वी तराईको सन्थाल जाति ५० वर्ष अगाडिमात्र श्रमिकको रूपमा नेपाल प्रवेश गरेको, तामाङ जाति नेपाल र चीन-भोट युद्धमा प्रवेश गरेको, शेर्पाजाति जो चौँरी पाल्दै तिब्बतको स्यार्बो जाति केही पहिले नेपाल पसेको कुरा स्पष्ट भइसकेको छ, त्यस्ता जनजातिलाई पनि स्वतः आदिवासीमा सूचीकृत गरिने विषयमा गहन अनुसन्धान गर्नुपर्ने देखिन्छ । तसर्थ नेपालमा जो जसलाई आदिवासीकारूपमा सूचीकृत गरिएको छ, त्यो परिपक्व किसिमको नभएर, अदूरदर्शी, कच्चा र अपूर्ण छ, त्रुटिपूर्ण निर्णय भएको हुनाले त्यसमा तत्काले पुनर्विचार गरिनुपर्ने हुन्छ । त्यसबाट कर्णालीका खासआर्य जस्ता आदिवासीलाई ठूलो मर्का परेको छ ।

त्यसका साथै हिन्दू धर्म र बौद्ध धर्मावलम्बीहरू उदार धार्मिक भएको फाइदा उठाएर क्रिस्चियनहरूले अनेक प्रलोभनमा पारेर, धर्म परिवर्तन गराइरहेका छन् र आदिवासीहरूले पाएको अधिकारमा पनि ती धर्मछाडाहरूले आफ्नै भाइहरूलाई मिलेको सहुलियतको दोहोरो लाभ लिइरहेका छन् । आधिकांश खसआर्यहरूमा जातीय छुवाछूत र अनेक बहानामा त्यसको मार खेपिरहेका त छँदै छन्, समाजमा सुधार पनि गरिँदै छ, तापनि त्यसमाथि बेधर्मीको निशान बन्दै गएका छन् ।

५) नेपालका रैथाने खस आर्यहरूको बारेमा अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने क्रममा धेरै समस्या तथा चुनौतीहरूको सामना गर्नु परेको छ, जस्तो कि यस जातिमा जन्मी हुर्केका महिला वा पुरुषले अन्य जाति, दलित, आदिवासी, मधेसी, थारु, जो जातिसँग वैवाहिक सम्बन्ध गरी गृहस्थी गर्ने पतिपत्नीले पनि आदिवासी जनजातिको आरक्षण पाएका आधार प्रमाणहरू प्रशस्त पाइएकामा उनीहरूलाई निरुत्साहन हुनेखाले निष्पक्ष मूल्यांकन गरी न्यायिक निरूपण गर्नुपर्ने हुन्छ । अर्को कुरा, प्रत्येक नारी वा पुरुषले आफ्नो नामपछिको थर लेख्दा आफ्नै बाबुआमाकोबाहेक अरूको थर लेख्न र अर्कै पहिचान दिने खाले गैरकानुनी किसिमबाट आदिवासी जनजातिको सुविधा भोग गर्ने कुरालाई हतोत्साह तथा त्यस्तो प्रवृत्तिलाई पूर्णतः बर्जित गरिनुपर्दछ ।

६) वास्तवमा भन्ने हो भने नेपालमा वनवासी जाति, दलित र दुर्गम क्षेत्रका बासिन्दा, आर्थिक विपन्न वर्गलाई पहिचान गरेर मात्र आरक्षण प्रदान गर्नुपर्ने हुन्छ । जो हुलदंगा गर्छ, जो बलको भरोसा र धनको मादमा राजनीति गर्छ, जसले छिमेकीहरूको बुइँ चढेर नेपालको हानि पुऱ्याउन अग्रसर हुन्छ, त्यस्तालाई राज्यबाट मिल्ने सुविधा, डरका कारणबाट आरक्षण प्रदान गरिनु कदापि शोभनीय कुरा होइन र त्यस्तो नीतिबाट देश उँभो लाग्दैन ।

७) कर्णालीमा खटिएर जाने कर्मचारीहरूका पनि विविध आग्रहहरू रहेका देखिन्छन्, ती सबैको विश्लेषण गर्दा उनीहरूको मनस्थिति सकारात्मकभन्दा पनि नकारात्मक र कुण्ठाग्रस्त देखिन्छ । किनभने सोही प्रदेशको प्राकृतिक स्रोत र मानवीय स्रोतहरूको परिचालन गर्न नसकेर त्यस्तो कुण्ठा पलाएको बुझिन्छ । साँच्चै भन्ने हो भने, कर्णालीकै सम्पदाहरू सही प्रकारबाट परिचालन गरेर कर्णालीलाई समृद्ध बनाउन सकिन्छ । २०४५ सालसम्म कर्णाली केही मात्रामा भए पनि समृद्ध र आत्मनिर्भर थियो, तर त्यसपछि भने त्यो प्रदेश पूर्णतः पराश्रित बन्न गयो र १२ वर्षे द्वन्द्वपछि त त्यहाँका सबै कुटीर उद्योगहरू, सिपालु हातहरू पूर्णतः धराशायी नै भएर लोप भइसकेको अवस्था छ ।

८) कर्णाली प्रदेशमा ४३ प्रतिशत बालविवाह हुने गरेको छ, विकासको गोरेटो मानिएको चिसापानी-हिल्सा मोटरबाटो ज्यादै साँघुरो र अधुरो रहेको छ, जो सबैको साझा आधार हो, त्यसलाई सम्पन्न गर्न सकेमा विकासको फड्को आगाडि बढ्न सम्भव हुने देखिन्छ ।

९) कर्णालीको सभ्यता अति प्रचीन तथा अति संवेदनशील हुनाले त्यहाँको विकास र सभ्यता एक आपसमा प्रतिपक्षी जस्ता हुन गएका छन्, किनभने आधुनिकतामा लागेको युवा मन सभ्यतातिर फर्कन नचाहेको हो कि भन्ने भान पर्दै गएको छ । विडम्बनाको कुरा, कर्णालीको सभ्यता विनष्ट हुँदै जाँदा विकासको कदम भने पछाडितिर धकेलिँदै गएको पाइन्छ, एउटा देखिएको हवाई यातायात पनि नियमित र भरपर्दो छैन । त्यसका निम्ति कर्णाली उडान अभियान चलाउन सकिएको खण्डमा केही उन्नति हुने छ ।

१०) नेपालका सातवटा प्रदेशमध्ये कर्णालीले १८.९७ प्रतिशत भूभाग ओगटेको छ, सोही आधारमा त्यस प्रदेशको विकासमा देशको कूल बजेट तदनुकूल प्रवाह गर्नुपर्ने देखिन्छ । कर्णालीलाई सक्रिय बनाउन त्यहाँको सबैखाले जनशक्ति त्यतैको विकासार्थ फर्केर वैज्ञानिक नीति निर्माण तथा लागू गर्न, सुरुङ निर्माणमा तीव्रता ल्याउन, रज्जुमार्गको द्रुततर विकास र गाउँबस्तीहरूमा पुगिने स-साना मार्गहरूको निर्माणबाट मात्र कर्णालीले समृद्धिमा पाइला चाल्न सक्छ । नेपालका अन्य प्रदेश जस्तै यस कर्णाली प्रदेशले पनि दुवैतिरबाट घोप्टे, उभिण्डो पार्ने किसिमको (टु प्रोन एप्रोच) विकास नीतिलाई पूर्णतः परित्याग गर्न सक्नुपर्छ ।

११) साँच्चै नै कर्णालीको विकास चाहने हो भने एउटै स्वार्थमा आधारित एकाकार वित्तीय योजना बनाएर लैजानुपर्ने हुन्छ । त्यसको प्रयोग प्रत्येक १०-१० वर्षको केन्द्रीकृत योजना नै निर्माण गरी कर्णालीका बासिन्दाहरूले श्रमदानबाट विकास गरेमा मात्र समृद्ध कर्णाली साकार बन्न सम्भव हुने देखिन्छ । कर्णालीमा विकासका पूर्वाधारहरू तयार नभएसम्मका निम्ति यहाँका मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरूको पूर्णतः संरक्षण, करमुक्त कर्णाली, पर्यटकीय गन्तव्य कर्णाली, स्थानीय स्रोतहरूको प्रचुर प्रयोग कर्णालीजस्ता दूरदर्शी तथा बृहत् योजनाहरूको निर्माण गर्न दृढ हुनुपर्ने देखिन्छ ।

यसप्रकार भविष्यमा माथिका बुँदाहरूमाथि गम्भीररूपमा विचार गर्दै नेपालका प्रत्येक जातजातिको इतिहास, संस्कृति, सामाजिक वनोट, वंशविस्तार, आर्थिक क्रियाकलाप, वर्गीय विवेचनासाथ पेसा हरणमा परेका दलित र अन्य पिछडा वर्गलाई कुन योजना, आयोजनाबाट उत्थान गर्न सकिन्छ भन्ने पवित्र लक्ष्यसाथ इतिहास र संस्कृतिका विद्वानहरूबाट गहन अध्ययन गराई त्यहाँको यथार्थतालाई यथाशीघ्र प्रकाशनका साथमा कार्यमा परिणत गरिहाल्नुपर्ने बेला आएको छ ।

## मननयोग्य

### चाणक्य नीति

पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर ।

‘विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधै निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए । अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए । नही किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए । आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- ‘आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ । यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- ‘योग्यजस्ता छौ, कहाँबाट आयो ?’

पुण्डरीकाक्षले भने- ‘यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे ।

क्रमशः

## पत्र-मञ्जुषा

# अर्थमन्त्री फेरिए, सुध्रिएन अर्थतन्त्र

२०७४ फागुन ३ गते नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भए । उनी नेतृत्वको सरकारमा अर्थमन्त्री डा. युवराज खतिवडा भएका थिए । अर्थमन्त्री भएकै समयमा उनले एक सार्वजनिक कार्यक्रममा घरजग्गा, गाडी र सेयरमा लगानी गर्नु जुवा खेल्नु बराबर रहेको बताए ।

यसको मूल्यमा जुनसुकै बेला गिरावट वा मन्दी आउनसक्ने भन्दै उनले सचेतसमेत गराएका थिए । तत्कालीन अर्थमन्त्री खतिवडाको यस भनाइ निकै विवादित बन्यो । घरजग्गा, गाडी र सेयर लगानीकर्ताहरूले उनको चर्को विरोध गरे । उनलाई अर्थमन्त्री पदबाट हटाउन वा बर्खास्त गर्न समेत तत्कालीन प्रधानमन्त्री ओलीसमक्ष माग गरे ।

सेयर दलालीहरूले बैंकले १०० रूपैयाँ कित्तामा निष्काशन गरेको सेयर चार हजार पुऱ्याएका थिए । आनाको १० हजार रूपैयाँमा बिक्री नहुने जग्गा दलालीहरूले मूल्य बढाएर ७५-८० लाख पुऱ्याएका थिए । दुई रूपैयाँ किलोमा बिक्री नहुने फलामबाट गाडी बनाएर भारतले नेपाललाई लाखौं रूपैयाँमा बेचिरहेको थियो । तर, अहिले यी क्षेत्रमा लगानी गर्ने सबै व्यक्ति डुबेका छन् ।

व्यक्तिमात्र होइनन्, यस्ता धितो राखेर कर्जा प्रवाह गर्ने बैंकहरू पनि धमाधम डुब्दै छन् । अहिले बजारमा सुनिन्छ कि ‘क’ वर्गको बैंकले समेत बचतकर्ताको रकम फिर्ता गर्न सकिरहेको छैन । बैंक पनि टाट पल्टिने भो, बैंकमा राखेको पैसा पनि सहकारीले जसरी खाइदिने भो भन्दै सर्वसाधारणहरू कुरा गरिरहेको भेटिन्छन् ।

बजारमा घरजग्गा, गाडी र सेयरको कारोबार ठप्प छ । सेयरको मूल्य प्रत्येक दिन घट्दै गएको छ । आपत् परेर वा पैसा खाँचो परेर सस्तोमा घरजग्गा बेच्छु भन्दासमेत किन्ने कोही भेटिँदैन । गाडी र सेयरमा पनि यस्तै छ । बैंक तथा वित्तीय संस्थाले घूस खाएर छिट्टै नाफा कमाउने आशमा यो क्षेत्रमा आँखा चिम्लेर कर्जा प्रवाह गरे ।

चिनजान भएको अनि घूस/कमिसन पाएपछि ३० लाखको धितो राखेर करोडसम्म कर्जा प्रवाह गरे, बैंक तथा वित्तीय संस्थाहरूले । अहिले त्यो धितोको मूल्य घट्दै गएको छ भने कर्जाको साँवा ब्याज बढ्दै गएको छ । मेडिकल व्यवसायी दुर्गा प्रसाईले १० करोडको धितो राखेर बैंकबाट अर्बौं ऋण लिएका छन् । अनि कसरी बैंकले उनलाई कम मूल्यको धितो राखेर यत्रो कर्जा प्रवाह गऱ्यो ? घूसकै आडमा बैंक, वित्तीय संस्थाले उनलाई यत्रो कर्जा प्रवाह गरेको स्पष्ट छ ।

प्रसाईंमात्र होइन, भाटभटेनी सुपरमार्केटका साहु मीनबहादुर गुरुङलगायत अन्य सयौं ठूला व्यापारी तथा व्यवसायीहरूलाई पनि बैंकले यसरी नै कर्जा प्रवाह गरेको छ । दुई वर्षअघि एउटा-दुईटा मात्र सहकारीमा समस्या देखिएको छ । तर, अहिले सबै सहकारी डुबेका छन् । भागेका छन् । यतिसम्म कि हिजो आफ्नै भवन छ, हामी भाग्दैनौं वा मै हुँ भन्ने सहकारीसमेत रातारात भागेका छन् ।

करोडौं बचतकर्ताको खर्बौं रकम सहकारीले झ्वाम बनाइदिएको छ । अब बैंक र लघुवित्तले कति करोड जनताको पैसा झ्वाम बनाइदिने हो ? पछिल्लो समय बैंक, वित्तीय संस्थामा आम सर्वसाधारणले बचत गर्न छोडेका छन् । भएकै पैसासमेत निकाल्न उनीहरूको बैंक, वित्तीय संस्थामा भीड देखिन्छ ।

बजारमा नयाँ लगानीकर्ता थपिएका छैनन् । लगानी गर्न चाहनेहरू पर्ख र हेरको अवस्थामा छन् । यस्तो अवस्थामा लगानी गर्दा भोलि चुलुम्मै डुबिने अधिकांशमा डर छ । घरहरू खाली हुँदै गएका छन् । मुख्य सडकदेखि भित्री बाटोमासमेत सटर, कोठा र फ्ल्याट खाली भेटिन्छन् । सटर खोलिरहेका व्यापारीहरू पनि मन्दीका कारण व्यापार नहुँदा भाडा तिर्न नसकेको भन्दै व्यापार नै छोड्न लागेको बताउँछन् ।

यता, निजी कम्पनी, संघसंस्था, पसल, होटल, रेस्टुरेन्ट वा घरायसी काम गर्नेहरूले वर्षौंदेखि तलब पाएका छैनन् । सरकारले १७ हजार ३०० रूपैयाँ तलब तोके पनि अझै मानिसहरू मासिक पाँच हजारदेखि १० हजार रूपैयाँमा दिनभर काम गर्न बाध्य छन् । कतिपयले त त्यो पनि पाएका छैनन् ।

सरकार खर्च कटौती गर्दैन । कर्मचारी, जनप्रतिनिधिहरूको तलबभत्ता र सेवासुविधा कटौती गर्दैन । सरकार पनि पर्ख र हेर गरिरहेको छ । न अर्थतन्त्र सुध्रिहाल्छ कि भन्नेमा सरकार छ । तर, सरकार आफैं नलागेसम्म कसरी अर्थतन्त्रमा सुधार आउँछ ? खर्च कटौती नगरेसम्म कसरी अर्थतन्त्र लयमा फर्किन्छ ? ०७८ असार २९ गते ओली प्रधानमन्त्रीबाट हटेपछि नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भए । उनले त्यतिखेर कर्मचारीलाई तलबभत्ता खुवाउन समेत विदेशीसँग हात थाप्नुपर्ने अवस्थामा देश पुगेको बताएका छन् । देउवा नेतृत्वको सरकारमा जर्नादन शर्मा अर्थमन्त्री थिए । उनले पनि जनताले पाँच सय र हजारको नोट लुकाइरहेको र मुलुक आर्थिक मन्दीमा गएको खुलेर बताएका थिए । कर्मचारी र जनप्रतिनिधिहरूको तलबभत्ता र सेवासुविधा कटौती गर्न आवश्यक रहेका उनले भनेका थिए । तर, गर्न भने सकेनन् ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री भएको पनि करिब १६ महिना हुन लाग्यो । यस अवधिमा तीन जना अर्थमन्त्री भए । एमालेका नेता विष्णु पौडल, कांग्रेसका डा.प्रकाशशरण महत र वर्तमान अर्थमन्त्रीमा माओवादीका वर्षमान पुन छन् । अर्थमन्त्री फेरिए पनि अर्थतन्त्र कुनै सुधार देखिएको छैन । बजार झन्झन् मन्दीतर्फ गएको छ ।

सरकारले न जनतामा विश्वास सिर्जना गराउन सक्यो न अर्थतन्त्रमा सुधार ल्याउन सक्यो । सरकारमा बसेकाहरूलाई कुर्सी कसरी जोगाउने ? भनेर मात्र चिन्ता छ । अनि कसरी देश उँभो लाग्छ ? कसरी अर्थतन्त्रमा सुधार आउँछ ?

– रुषा थापा, भक्तपुर

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# गर्जो टार्नकै लागि भारत पलायन

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिका-५ गर्जमुनिकी ४३ वर्षीया ज्ञानुदेवी बादीको परिवार छ वर्षअघि भारत पलायन भएको थियो । पुर्ख्यौली पेसाले जीविका चलाउन नसकेपछि उनको परिवार मुम्बै पलायन भयो । मुम्बै पुगेपछि उनको श्रीमान्‌को उतै मृत्यु भयो । श्रीमान्‌को मृत्युपछि परिवार चलाउनै मुस्किल भयो । ज्ञानुको दुःख झन् थपियो । दुई वर्षअघि नेपाल आउने क्रममा रेलबाट खसेर दुवै खुट्टा गुमे ।

'रेलबाट खसेपछि दुवै खुट्टा काटिए,' उनले भनिन्, 'नजिकै रहेका प्रहरी र यात्रुहरूले रेल मुनिबाट तानेर ज्यान जोगाए ।' अस्पतालमा लागेको उपचार खर्च आफन्तसँग मागेर तिरिन् । काटिएका दुवै खुट्टा अझै निको भएको छैन । ऋण लागेपछि दुवै छोरालाई विद्यालयबाट निकालेर काममा लगाउनुपरेको उनको गुनासो छ । सामाजिक सुरक्षा भत्ता पाइएमा केही राहत हुने आशा छ । आफ्नो घर भत्किएपछि भारतबाट फर्केर छिमेकीकहाँ शरण लिएर बसेकी छन् ।

ज्ञानु बादी एउटा प्रतिनिधि पात्र मात्र हो । गर्जमुनिका १० परिवार बादीमध्ये पाँच परिवार भारत गएका छन् । मोहन, राजु, गणेश, पप्पु र भरत बादी घरमा ताल्चा लगाएर भारत गएका हुन् । मोहन, राजु र पप्पु बादीले छोराछोरी बस्तीकै अरूका जिम्मामा छोडेका छन् ।

'अरू परिवार श्रीमती छोराछोरी लिएर भारत गएका छन्,' श्यामकुमाल बादीले भने, 'तीन परिवारले मेरै जिम्मामा उनीहरूका केटाकेटी छाडेर गएका छन् ।' भारतमा पुरुषले कुल्ली, चौकीदार, ज्यालादारी मजदुरी गर्छन् । महिलाले घर सरसफाइको काम गर्दै आएको उनले बताए ।

बादी समुदायको पुर्ख्यौली पेसा सुल्पा, हुक्कालगायत माटोका भाँडा बनाउने हो । तर समयक्रमसँगै त्यस्ता सामानले बजार नपाएपछि मजदुरीका लागि भारत जानुपरेको उनको भनाइ छ । 'विगतमा नाचगान गर्दै गाउँटोलमा माग्ने काम चलन पनि थियो, केहीले गाउँका जमिन्दारको हलो जोत्थे,' उनले भने, 'अहिले मागेर कसैले दिँदैनन् । माग्न पनि नराम्रो लाग्छ, त्यो काम सबैले छोडिसके ।'

आर्थिक अवस्था कमजोर भएकाले बादी समुदायका बालबालिकाका नियमित विद्यालय जान सकेका छैनन् । विद्यालयले किताब निःशुल्क दिए पनि पोसाक, कापी, कलमलगायतका स्टेसनरी खरिद गर्न धौधौ छ । 'साँझ बिहानको खानाको छाक कटाएर शुःल्क तिर्दै आएका छौं,' स्थानीय बिना बादीले भनिन्, 'केही महिना अघि सरस्वती पूजा भनेर बालबालिकाबाट १५० रूपैयाँ रकम विद्यालयले लियो, परीक्षा शुल्क भनेर अरू पैसा पनि लिन्छन् ।' विद्यालयले भर्ना र मासिक शुःल्क लिने गरेकाले मजदुरी गरेको पैसाले घर खर्च चलाउने कि बालबालिकालाई पढाउने समस्या हुने उनको गुनासो छ । बादी समुदायको बस्ती निकुञ्जसँगै जोडिएको छ । हात्तीलगायतका जंगली जनावरको त्रास उत्तिकै छ । हात्ती आएको थाहा पाउन रातको समयमा बस्तीका घर देखिने बत्तीको माग गर्दै आए पनि व्यवस्था नभएको उनीहरूको गुनासो छ । स्याली नदीले वर्षेनी जग्गा कटान गरेको छ । बस्ती सुरक्षित बनाउन तटबन्धको माग गरे पनि पूरा नभएको पविसरा बादीले बताइन् ।

दातृ निकाय र सरकारी निकायले सीपमूलक, आयआर्जन र रोजगारमूलक कार्यक्रममा गर्जमुनिका बादी समुदायलाई समेट्न नसकेको पविसराको आरोप छ । सुरक्षित आवास कार्यक्रमअन्तर्गत सम्पन्नले घर बनाए तर बादी समुदाय वञ्चित भए । स्थानीय सरकारले सञ्चालन गर्ने सय दिने प्रधानमन्त्री रोजगार कार्यक्रममासमेत बादी समुदायलाई नसमेटिएको उनीहरूको दुखेसो छ ।

विपन्नका लागि कम्बल वितरण गर्ने कार्यक्रम नगरपालिकाले १२ वटै वडामा गरे पनि बादी समुदाय वञ्चित भएका छन् । गर्जमुनिका बादी समुदायसँग घरवासका लागि दुईदेखि तीन कठ्ठा जग्गा छ । केही परिवारले मजदुरी गरी घर बनाउन थालेपनि पूरा गर्न सकेका छैनन् । सामाजिक विभेद उत्तिकै छ ।

बादी समुदायलाई खाना पकाउन आगो बाल्नसमेत समस्या छ । 'निकुञ्जबाट दाउरा ल्याउन गए जरिवानास्वरूप ५०० रूपैयाँ तिराइन्छ, सामुदायिक वनबाट दाउरा पाइँदैन,' पविसराले भनिन्, 'बस्तीमा खानेपानीको अभाव छ । पहिला होटलमा चिया खाए गिलास धुनुपर्ने अवस्था थियो । त्यो भने हटेको छ ।'

गर्जमुनिका वडाध्यक्ष चक्रबहादुर खडकाले बादी समुदायका लागि ५० हजार रूपैयाँ बजेटको व्यवस्था गरेको बताए । बादी समुदायकै मागको आधारमा विनियोजित बजेटको कार्यक्रम बनाएर लागू गरिने उनले बताए । *रासस*


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/१२/१४

यस कम्पनीको मिति २०८०/०९/२३ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनी **राईजिङ एजुकेशन प्रा.लि. (प्रा.लि. नं. १३८१२२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/११/२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एकेडेमिक करियर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## सूचना ! सूचना !! सूचना !!!

यस अल हाया रिक्रुटमेन्ट प्रा.लि., श्रम इ.प्र.नं. १०९३, काठमाडौं, नेपालको मार्केटिङ्ग म्यानेजर पदमा कार्यरत झापा जिल्ला बुद्धशान्ति गा.पा. वडा नं. ०१ बस्ने प्रकाश दाहाललाई यस प्रा.लि.को झापा जिल्लाको बिर्तामोड न.पा. वडा ०१ मा शाखा कार्यलयको प्रबन्धकको रूपमा काम गर्नको लागि वैदेशिक रोजगार बिभागको मिति २०७९।०७।१८ को निर्णय बमोजिम च.नं. ११९१ को पत्र समेत बमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७४ (२) तथा नियमावली २०६४ को नियम ७४ (२) तथा शाखा कार्यलय संचालन कार्यविधी २०७९ बमोजिम नियुक्ति दिर्य कार्यालय दर्ता गरि संचालन गरिएकोमा मिति २०८०।०२।३१ को शाखा प्रवन्धकको राजिनामापत्र समेतको आधारमा प्रा.लि.को संचालक समितिको बैठकले मिति २०८०।०३।०२ मा नै राजिनामा स्वीकृत गरेको समेतको सन्दर्भमा प्रबन्ध बाहेकका अन्य व्यक्तिहरूले मिति २०८० असोज मसान्त भित्रमा नविकरण समेत नगरि निस्क्रीय रहेको शाखा कार्यालयको नाममा यस प्रा.लि.को नाम लिएर विभिन्न व्यक्तिहरूलाई वैदेशिक रोजगारमा पठाईदिन्छु भनि मौखिक आश्वासन दिएको भन्ने कुरा जानकारीमा आएकोले सम्पूर्ण सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ । प्रबन्धकको राजिनामा समेतको आधारमा शाखा कार्यालय कानून बमोजिम नविकरण गर्नु पर्नेमा सो नगरि प्रा.लि.ले निस्क्रीय राखेको शाखा कार्यालयको नाम लिएर कोही कसैले आश्वासन तथा प्रलोभन दिएको भए, कोही कसैले राहदानी बुझाएको भए वा कोही कसैले प्रा.लि.को नाम लिएर रकम उठाएको भए आजको मितीले ७ दिन भित्रमा यस प्रा.लि.मा वा वैदेशिक रोजगार विभाग, ताहाचलमा सप्रमाण उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचनाको बेवास्ता गरि कोही कसैले यस प्रा.लि. संग सम्बन्धित भई कुनै पनि लेनदेन कारोबार गरेमा वा राहदानी बुझ्ने बुझाउने लगायतका गैर कानूनी काम गरेमा प्रचलित कानून बमोजिम कडा भन्दा कडा कारवाही गरिने व्यहोरा समेत जानकारी गराईन्छ । साथै यस प्रा.लि.संग कुनै पनि सार्थक सम्बन्ध नरहेको कोही कसैले प्रा.लि.को नाम लिएर कामकारवाही गरेमा, प्रा.लि.को अनुमति बिना होडिङ्ग वोर्ड वा साइनबोर्ड राखेमा प्रचलित कानून बमोजिम कडा कारवाहीको लागि सम्बन्धित निकायमा पत्राचार गरिने व्यहोरा समेत जानकारी अनुरोध छ ।

**अल हाया रिक्रुटमेन्ट प्रा.लि., श्रम इ.प्र.नं. १०९३, काठमाडौं, नेपाल**



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AROOS ALDOHA CLEANING & HOSPITALITY

पूर्व स्वीकृति मिति २०८०/०८/२७ पुन विज्ञापन स्वीकृति मिति: २०८०/१२/१३ LT. No. 296466 चलानी नं. ६०२११५२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 0 | 8 | 1400 | ५१,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २१ गते (3rd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DESERT SIDES INTERNATIONAL

पूर्व स्वीकृति मिति : २०८०/१२/१२ LT. No. 302526 चलानी नं. ६०२१७३१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufactory Worker | 5 | 0 | 1000 | ३५,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २१ गते (3rd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७७/०७३/०७४

**Pari Overseas Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOUNDATION MATERIALS COMPANY FOR INDUSTRY

पूर्व स्वीकृति मिति २०८०/१२/१३ LT. No. 302511 चलानी नं. ६०२१७३७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Worker | 4 | 0 | 1000 | ३५,५३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Trailer Driver | 3 | 0 | 1800 | ६३,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २१ गते (3rd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nile International Manpower Agency Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com /nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com

श्रम ईजाजत नं. ८२०/०६६/०६७



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAKAKA COMPANY FOR PROVIDING MEALS

पूर्व स्वीकृति मिति २०८०/१२/१२ LT. No. 302315 चलानी नं. ६०२१७३६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २१ गते (3rd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALPS COATING SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८०/१२/१२ LT. No. 302444 चलानी नं. ६०२१७३११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २१ गते (3rd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOUTHLAND A1 RUBBER SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/२९ पुन विज्ञापन स्वीकृति मिति: २०८०/१२/१३ LT. No. 285920 चलानी नं. ६०२०१३८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 67 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SEAPRO FOOD INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/१२/१३ LT. No. 302443 चलानी नं. ६०२१७३८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AUREUMAEX INDUSTRIES (M) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/१२/१३ LT. No. 302462 चलानी नं. ६०२१७३८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 80 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २१ गते (3rd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

